# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः ११, भाद्र २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमित गर्ने कार्यविधि २०७७

कार्यापालिकाबाट स्वीकृत मितिः २०७७।५।२२

**प्रस्तावनाः**

सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शीता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धालाई संस्थागत गरी निजी क्षेत्रको सहभागितालाई विश्वसनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०), दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमन गर्ने कार्यविधि २०७७" रहने छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएका मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "आर्थिक ऐन" भन्नाले व्यास नगरपालिकाबाट निर्माण गरिएको सम्बन्धित आर्थिक वर्षको आर्थिक ऐन सम्झनुपर्छ ।

(ख) "इजाजत-पत्र" भन्नाले यस कार्यविधि बमोजिम ऐन अनुसार प्रदान गरिने "घ" श्रेणीको निर्माण व्यवसायी इजाजत-पत्र भन्ने सम्झनुपर्छ ।

(ग) "उपशाखा" भन्नाले व्यास नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा अन्तर्गतको उद्योग तथा पर्यटन उपशाखा सम्झनुपर्छ ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमन गर्ने कार्यविधि २०७७ सम्झनुपर्छ ।

(च) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(छ) "नगर प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ज) "नगर उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ञ) "शाखा" भन्नाले व्यास नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा सम्झनुपर्छ ।

(ट) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

## परिच्छेद २
## इजाजत-पत्र सम्बन्धी व्यवस्था:

३. **इजाजत-पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुने र "घ" श्रेणीको निर्माण व्यवसायीले यस नगरपालिका भित्र सार्वजनिक निर्माण कार्य गर्दा अनिवार्य रुपमा इजाजत-पत्र लिई निर्माण कार्य गर्नुपर्नेछ ।

४. **इजाजत-पत्र प्राप्त गर्ने सम्बन्धी व्यवस्था:** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची १ बमोजिमको ढाँचामा इजाजत-पत्र लिनका लागि उपशाखामा दरखास्त दिन सक्नेछन् ।

(२) उपशाखामा पर्न आएको दरखास्त उपर "घ" श्रेणीको इजाजत-पत्र दिन पुग्ने योग्यता अनुसूची २ बमोजिम भए नभएको विषयमा छानविन गर्न तल लेखिए बमोजिम पाँच सदस्यीय मूल्यांकन समिति गठन हुनेछ:

| | |
|---|---|
| (क) संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| (ख) सदस्य | शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख |
| (ग) ,, | आर्थिक पूर्वाधार विकास शाखा प्रमुख |
| (घ) ,, | स्थानीय निर्माण व्यवसायी संस्थाको प्रतिनिधि |
| (ङ) सदस्य सचिव | उपशाखा प्रमुख |

(३) मूल्यांकन समितिले योग्यता पुगी इजाजत-पत्र दिन मनासिव छ भनी सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुसूची ३ अनुसारको ढाँचामा इजाजत-पत्र दिने छन् । सोको अनुमोदनका लागि कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

(४) इजाजत-पत्र दिनु अघि आर्थिक ऐनले तोकेको दस्तुर सम्बन्धित प्रमाणपत्र लिने व्यक्ति वा संस्थाबाट लिनुपर्नेछ ।

५. **<u>इजाजत-पत्रको अवधिः</u>** दफा ४ को उपदफा (३) बमोजिम प्रदान गरिने इजाजत-पत्र खारेज वा अन्यथा नभएमा श्रावण १ देखि आषाढ मसान्त वा एक आर्थिक वर्षसम्म रहनेछ ।

६. **<u>इजाजत-पत्र नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजत-पत्रको अवधि समाप्त भएका निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको, लेखा परीक्षण प्रतिवेदन, उपकरणको बिमा गरेको प्रमाण पेश भएमा आर्थिक ऐनले तोकेको दस्तुर लिई अनुसूची ५ को ढाँचामा निवेदन लिई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट अनुसूची ४ बमोजिमको विवरण समेत पेश गर्न लगाई नवीकरण गरिने छ । विवरण पेश नगर्ने निर्माण व्यवसायीको इजाजत-पत्र नवीकरण गर्न बाध्य हुने छैन ।

(२) उपदफा (१) बमोजिमको हदम्याद भित्र नवीकरण नगर्ने निर्माण व्यवसायीको म्याद नाघेको छ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरणका लागी माग गरेमा दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ ।

७. **<u>इजाजत-पत्रको खारेजीः</u>** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजत-पत्र खारेज गर्न सक्नेछः

(क) झुट्टा विवरण पेश गरी इजाजत-पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजत-पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न न्यूनत्तम सात दिनको समय दिइने छ ।

(३) दफा ६ को उपदफा (१) र (२) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत-पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत-पत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ । यस्तो जानकारी सञ्चार माध्यमबाट पनि दिन सकिने छ ।

८. **<u>इजाजत-पत्रको प्रतिलिपि दिने व्यवस्थाः</u>** कुनै निर्माण व्यवसायीले इजाजत-पत्र हराए वा नासिएको कारणबाट इजाजत-पत्रको प्रतिलिपि पाउन निवेदन पेश गरेमा आर्थिक ऐन अनुसारको दस्तुर लिई इजाजत-पत्रको प्रतिलिपि दिनुपर्नेछ ।

९. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **बचाउः** यसअघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म, व्यक्ति तथा कम्पनीहरुलाई दिइएको इजाजत-पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ ।

११. **खारेजीः** व्यास नगरपालिका नगर कार्यपालिकाबाट २०७५।११।२२ मा जारी गरिएको “व्यास नगरपालिका “घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५” खारेज गरिएको छ । उक्त कार्यविधिबाट भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

अनुसूची १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

इजाजत-पत्रको लागि दिइने दरखास्त

दरखास्तवालको फोटो

विषयः **इजाजत-पत्र पाऊँ भन्ने बारे** ।

श्री व्यास नरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

यस ..................... कार्यालयको कार्यविधि .................. बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत-पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः
नामः
ठेगानाः
पोष्ट बक्सः ............. टेलिफोन नं.: .............. फ्याक्स नं.: ........... इमेलः
..................

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| | प्राइभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको

नामः

ठेगानाः

पोष्ट बक्सः ............ टेलिफोन नं.: ............... फ्याक्स नं.: ........... इमेलः .............

४. फर्म वा कम्पनीको विवरणः
दर्ता नम्बरः दर्ता मितिः
अधिकृत पूँजीः जारी पूँजीः
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजत पत्र लिन चाहेको वर्गः (घ वर्ग)

६. समूहीकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोतको विवरणः

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ ।

८. कामदारको विवरण

क) प्राविधिक: ख) अप्राविधिक: ग) अन्य:

प्राविधिक कर्मचारीको सर्टिफिकेटको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण:

| सि.नं. | नाम तथा विवरण | दर्ता नम्बर | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रकृति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजात:

क)

ख)

ग)

यस दरखास्त फारमा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत

मिति

द्रष्टव्य: यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टी गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

अनुसूची २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. आर्थिक क्षमता: प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा दश लाख रुपैयाँको चालु पूँजी देखाई कम्पनी रजिष्टरको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको प्रबन्ध पत्र हुनुपर्नेछ ।

२. मुख्य जनशक्ति विवरण: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा भ्याट नं. लिएको हुनुपर्नेछ ।

४. मेशीन र उपकरण:

(क) ट्रिपर/टयाक्टर/डोजर/लोडर एक थान

(ख) मिक्सर एक थान

(ग) Theodolite/Level Machine एक सेट

(घ) वाटर पम्प एक थान

(ङ) भाइब्रेटर एक थान

*द्रष्टव्य:*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तरवृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसूची ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

<u>इजाजत-पत्र</u>

इजाजत पत्र नं.: ............................                                        मितिः .....................

व्यास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७७ को दफा ४ को उपदफा (३) बमोजिम निर्माण व्यवसाय गर्न ............................................... स्थित कार्यालय भएको ....................................... फर्म वा कम्पनीलाई इजाजत-पत्र प्रदान गरिएको छ ।

इजाजत-पत्र दिनेको:

दस्तखतः

नामः

पदः

मितिः

कार्यालयः

(यस बृत्त भित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने

**<u>नवीकरण</u>**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ४
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण ( यदि भएमा) | भेरिएसनको विवरण ( यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नामः | क) थप समय | क) भेरिएसन पछिको सम्झौता रकम | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | …….. | …….. | | | …….. | …….. | |
| | | | | | ख) सम्झौता मिति | ख) पद | क) नाम | क) भेरिएसनको निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | …….. | …….. | …….. | …….. | …….. | …….. | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | …….. | …….. | …….. | …….. | …….. | …….. | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नामः | |
| | | | | | | …….. | …….. | …….. | …….. | …….. | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद | पद | |
| | | | | | | | | | …….. | …….. | |
| | | | | | | | छाप | ………. | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ……… | | ……… | ……… | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ……… | ……… | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची ५
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
<u>इजाजत-पत्र नवीकरण सम्बन्धी निवेदनको ढाँचा</u>

श्री व्यास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषयः <u>इजाजत-पत्र नवीकरण गराई पाउँ</u> ।

प्रस्तुत विषयका सम्बन्धमा ...................................... कार्यालयमा मिति .................................. मा प्रदान गरिएको इजाजत-पत्र नं. ....................... को घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र नियमानुसार नवीकरण गरिदिनुहुन देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु ।

<u>संलग्न कागजातहरु</u>
१. कम्पनी नवीकरणको प्रमाणपत्र,
२. करचुक्ता प्रमाणपत्र,
३. लेखापरीक्षण प्रतिवेदन,
४. अनुसूची २ को (४) मा उल्लेखित मेसिनरी उपकरणहरुको बिमा तथा नवीकरणको प्रमाण,
५. अनुसूची ४ बमोजिमको अभिलेख विवरण

निवेदकको नामः
कम्पनी/फर्मको नामः
हस्ताक्षरः
इजाजत नं. र छापः
सम्पर्क नं.

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत